# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं कार्तिक २० गते २०१३ साल


### पब्लिक सर्भिस कमिशनको विज्ञापन नं. १३

शिक्षामन्त्रालय-अन्तर्गत संस्कृत महाविद्यालयलाई एकजना अर्थशास्त्रको लेक्चरर चाहिएको छ । योग्य उमेदवारहरूले प.स.क. दरखास्त फाराम नं. १ (२०१०) मा आफ्नो विवरण स्पष्ट भरी २०१३ साल पौष १६ गते १ सम्ममा तलको ठेगानामा पुग्ने गरी मो. रु. ३। नगद वा त्यतिको नेपाली टिकटसहित दरखास्त दिनुहोला। फी दस्तुर नभएको दरखास्तमा विचार हुनेछैन। दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ।

पदको विवरण यस प्रकार छः—

१. पदः- लेक्चरर, ग्याजेटेड तथा पेन्सन पाइने ।
२. आवश्यक न्यूनतम योग्यताः- अर्थशास्त्र लिई एम्. ए. पास भएका।
३. वाञ्छनीय योग्यताः— हिन्दीमा विशेष दखल भएका ।
४. मासिक तलब स्केलः- मो. रु. १८०।—३६०।
५. मासिक महँगी भत्ताः- मो. रु. २०।

आज्ञाले—

खड्गमान मल्ल,

सेक्रेटरी-पब्लिक सर्भिस कमिशन, सिंहदरबार काठमाडौं, नेपाल


गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा।





आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।


203

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।